# संविधान सभा

# राष्ट्रिय हितको संरक्षण समिति

## अवधारणा पत्रमा आधारित व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदाको प्रतिवेदन

## २०६६



राष्ट्रिय हितको संरक्षण समिति
सिंहदरवार, काठमाण्डौ ।

# संविधान सभा
# राष्ट्रिय हितको संरक्षण समितिको
## *अवधारणा पत्रमा आधारित व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदाको प्रतिवेदन*
## २०६६


राष्ट्रिय हितको संरक्षण समिति
सिंहदरवार, काठमाण्डौ ।
फ्याक्स/ फोन नं. ९७७-१-४२००२२९
पोष्ट वक्स नं. २००९९
**Email : pnic@can.gov.np**
**URL : www.can.gov.np**

संविधान सभा

# राष्ट्रिय हितको संरक्षण समिति

## *अवधारणा पत्रमा आधारित व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदा*

| सि. नं. | विषय वस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानमा रहने स्थानको अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| १. | प्रस्तावना : | राष्ट्रको निमित्त वलिदान गर्ने वीर शहीदहरूको स्मरण गर्दै ! <br><br> हामी सार्वभौमसत्ता र राजकीयसत्ता सम्पन्न नेपाली जनता वर्तमान र भावी सन्ततिको सु:ख, शान्ति र सम्वृद्धिको लागि यो घोषणा गर्दछौं : <br> "...नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वतन्त्रता र राष्ट्रिय एकता, शान्ति सुव्यवस्था, संघीय लोकतान्त्रिक र समावेशी गणतन्त्रको संरक्षण र सम्बर्द्धन, नेपाली जनताको गाँस, वास र कपास, शिक्षा, स्वास्थ्य, रोजगारी, आय आर्जनको अवसर, व्यक्तित्व विकास, जीउ, धन, सम्पत्तिको सुरक्षा लगायत राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतमा प्रत्येक नेपाली नागरिकको ईज्जत प्रतिष्ठाको अभिवृद्धि गर्ने प्रण गर्दै, <br> सम्पूर्ण नेपाली जनताको समतामूलक आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नति, प्रगति र विकास गर्ने संकल्प गर्दै, <br> विश्व शान्ति, सम्वृद्धि र समानताको लागि बाधक देखिएका असमानता, भोकमरी र गरिबीको अन्त गर्दै स्वतन्त्र भएर बाँच्न पाउने अधिकार | प्रस्तावनामा रहने । | प्रस्तावना संविधानको महत्वपूर्ण अंग हो । प्रस्तावनामा संविधानको उद्देश्य, मनसाय र प्रयोजन अभिव्यक्त भएको हुन्छ । राष्ट्रको निम्ति जीवन आहुति गर्ने शहीदहरूलाई स्मरण गरी उच्च सम्मान व्यक्त गर्ने, राष्ट्रिय हितका अति महत्वपूर्ण विषयहरु, अन्तर्राष्ट्रिय जगतमा विश्वशान्ति, सम्वृद्धि र समानताको लागि अन्तर्राष्ट्रिय व्यवस्थाको निर्माणमा सक्रिय योगदान प्रदान गर्न जोड दिई उल्लेखित विषयहरू प्रस्तावनामा समावेश गरिएको छ । <br> नोट : *प्रस्तुत विषय संवैधानिक समितिको कार्यक्षेत्र भित्र पर्ने भएकोले उक्त समितिबाट विस्तृत उल्लेख हुने ।* |

| सि. नं. | विषय वस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानमा रहने स्थानको अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| | | समेत समावेश भएको लोकतन्त्र र मानवअधिकारको सम्मानको जगमा विश्व शान्ति, सम्वृद्धि र समानताको लागि एक नयाँ अन्तर्राष्ट्रिय व्यवस्थाको निर्माण गर्ने लक्ष्यमा प्रतिवद्ध रहँदै,..." | | |
| २. | **सार्वभौमसत्ताको प्रयोग :** | जनतामा निहित सार्वभौमसत्ताको प्रयोग देहाय बमोजिम हुनेछ :-<br>(क) विधायकी अधिकार व्यवस्थापिका र जनमत संग्रह मार्फत प्रयोग हुनेछ ।<br>(ख) कार्यकारिणी अधिकार जननिर्वाचित राष्ट्रप्रमुख / मन्त्रिपरिषद्बाट प्रयोग हुनेछ ।<br>(ग) न्याय सम्बन्धी अधिकार यो संविधान र अन्य कानून तथा न्यायका मान्य सिद्धान्त अनुसार अदालत तथा न्यायीक निकायहरूबाट प्रयोग हुनेछ ।<br>(घ) सरकारका सवै अंगले संविधान प्रदत्त नागरिकका मौलिक हकको सम्मान, संरक्षण र सम्बर्द्धन गर्नेछन् र कानून बमोजिम बाहेक त्यस्ता अधिकारको प्रयोगमा संकुचन, रोक वा ईन्कार गरिने छैन ।<br>(ङ) प्रत्येक नागरिकले जनप्रतिनिधिहरूको निर्वाचन तथा जनमत संग्रह मार्फत कानूनमा व्यवस्था भए बमोजिम वालिग मताधिकारको प्रयोग गर्नेछ । | प्रारम्भिक भागको छुट्टै धारामा रहने । | कुनै पनि राष्ट्रको सार्वभौमसत्ता त्यहाँ वसोवास गर्ने जनतामा निहित रहने शाश्वत सत्यलाई ग्रहण गर्दै त्यसको प्रयोगको विधि संविधानमा नै प्रष्ट उल्लेख भएमा समान्य जनताले पनि संविधानको अध्ययनबाट आफूमा निहित सार्वभौमसत्ताको प्रयोग र संरक्षण कसरी भइरहेको छ भन्ने विषयमा सु-सूचित हुन पाउने भएकोले यो व्यवस्था राखिएको छ । |

| सि. नं. | विषय वस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानमा रहने स्थानको अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| ३. | राष्ट्रिय हित : | (१) सार्वभौमसत्ता र राष्ट्रिय अखण्डताको रक्षा, राष्ट्रको स्वतन्त्रता र पहिचान, सहमति र सहकार्यको आधारमा राष्ट्रिय एकता, सामाजिक तथा साँस्कृतिक सामञ्जस्यता, समानुपातिक र समावेशी वहुदलीय लोकतान्त्रिक संघीय गणतन्त्रात्मक राजनैतिक व्यवस्था, आर्थिक समुन्नति र सम्वृद्धि, यातायात, सूचना र प्रविधिको विकास, विभिन्न जात जाति, वर्ग र समूहका वीचमा सामाजिक सदभाव कायम राखी विभेदरहित, समतामूलक समाजको निर्माण गर्नु नेपालको राष्ट्रिय हितका आधारभूत विषयहरू हुनेछन् ।<br>(२) देशको सार्वभौमसत्ता र अखण्डतामा वा विभिन्न जातजाति, धर्म वा सम्प्रदायहरूका वीचको सुसम्वन्धमा खलल पर्ने, देशको गोप्य तथा संवेदनशील सूचनाहरू अनधिकृत व्यक्ति वा संस्थालाई चुहावट गर्ने राष्ट्र हित प्रतिकूलको कार्य कानून बमोजिम दण्डनीय हुनेछ ।<br>(३) राष्ट्रिय हित र मर्यादा विपरित गरिने कुटनीतिक आचरण र कार्यहरू कानून बमोजिम दण्डनीय हुनेछ । | प्रारम्भिक भागको छुट्टै धारामा रहने । | राष्ट्रको अस्तित्वको लागि राष्ट्रिय हित अनिवार्य शर्त हो । राष्ट्रिय हितलाई राष्ट्रको आकांक्षाको रुपमा बुझ्ने गरिन्छ । राष्ट्रिय हित राष्ट्रियतासंग गाँसिएको दर्शन हो र कसैले पनि राष्ट्रिय हितको उपेक्षा गर्न सक्तैन । राष्ट्रिय हितको उपेक्षा गरिएमा राष्ट्र र जनता दुवै कमजोर वन्न गई अन्ततः राष्ट्रको अस्तित्व नै लोप हुन जान्छ । राष्ट्रिय हित सम्बन्धी अवधारणा अत्यन्त व्यापक रहेको र यसको ठोस परिभाषा समेत गर्न कठीन छ । राष्ट्रिय हितका विषयहरू समय र परिस्थिति अनुसार परिवर्तन हुने भएपनि केही त्यस्ता आधारभूत विषयहरू रहेका हुन्छन् जुन अपरिवर्तनीय हुन्छन् । त्यस्ता विषयलाई संविधानको छुट्टै धारामा समावेश गरी तीनलाई राष्ट्रिय हितको रुपमा परिभाषा गरिएको छ । राष्ट्रिय हितको विषय अत्यन्त संवेदनशील विषय हुनुको साथै यसमा भावनात्मक पक्ष पनि समावेश हुने भएकोले राष्ट्रिय हित प्रतिकूलका कार्यहरूलाई छुट्टै कानून बनाई दण्डनीय बनाउने गरी यस धारामा व्यवस्था गरिएको छ ।<br>अन्तर्राष्ट्रिय कानून, प्रचलन र अभ्यासबाट कुटनीतिज्ञहरूको आचरण र क्रियाकलापहरूको दायरा तोकिएको छ । हरेक सार्वभौमसत्ता सम्पन्न राष्ट्र आफ्नो अधिकार भित्रको जुनसुकै कार्य गर्न सार्वभौम रहेकाले विदेशी कुटनीतिज्ञहरूले आफ्नो दायरा भित्र रही आफ्ना क्रियाकलाप सञ्चालन गर्ने र सरकारमा रहेका पदाधिकारी, राष्ट्रसेवक वा जुनसुकै तहका राजनीतिकर्मी र कुटनीतिज्ञको क्रियाकलापहरूबाट राष्ट्रिय स्वाधिनता, स्वाभिमान र मर्यादामा आँच पुग्ने क्रियाकलाप जस्ले सम्बन्धित देश, नेपाल र नेपाली |

| सि. नं. | विषय वस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानमा रहने स्थानको अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| | | | | जनताका वीचको पारस्परिक सद्भाव र सम्बन्धमा समेत आशंका उत्पन्न हुनुका साथै प्रतिकूल असर पुग्न जाने भएकोले त्यस्ता क्रियाकलापहरूलाई छुट्टै कानून बनाई दण्डनीय बनाउन आवश्यक भई यो प्रावधान राखिएको छ । |
| ४. | <u>मौलिक हक</u> : | (१) **<u>सम्पदा संरक्षणको हक</u>** : प्रत्येक व्यक्तिलाई देशको प्राकृतिक श्रोत तथा साँस्कृतिक सम्पदा संरक्षण र उपयोगको हक हुनेछ ।<br>(२) शिक्षा, स्वास्थ्य, रोजगार, गाँस, वास, कपास, सिंचाई, उन्नत वीऊ, मल र खाद्य प्रत्याभूतिको हक सबै नागरिकलाई हुनेछ ।<br>(३) तर, नेपालको सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकतामा प्रतिकूल हुने कार्यमा मुनासिव प्रतिवन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन । | मौलिक हकको भागमा छुट्टै धाराको रुपमा रहने । | जैविक विविधताको रुपमा रहेको प्राकृतिक सम्पदा जुन विगत देखि नै अनुपम रुपमा रहेको र पुनः पूर्ति हुन नसक्ने गरी अस्तित्वमा रहेका हुन्छन् । यस्ता अतुलनीय विश्वव्यापी मूल्यवान (Outstanding Universal Value) प्राकृतिक तथा साँस्कृतिक सम्पदालाई संरक्षण गर्नुपर्ने जिम्मेवारी वर्तमान पुस्तामा रहेको छ । पूर्वजबाट प्राप्त विरासत्को रुपमा रहेको प्राकृतिक तथा साँस्कृतिक सम्पदालाई यथाअवस्थामा भावी पुस्तालाई हस्तान्तरण गर्ने कर्तव्य वर्तमान पुस्तामा रहेकोले त्यस्ता सम्पदाको संरक्षण सम्बन्धी व्यवस्थालाई प्रभावकारी रुपमा संरक्षण गर्ने प्रयोजनको लागि मौलिक हकको रुपमा समावेश गरिएको छ ।<br>सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकताको संरक्षण हुन सकेको खण्डमा मात्र व्यक्तिका स्वतन्त्रता र हकहरूले मूर्त रुप पाउन सक्ने भएकोले नागरिकहरूलाई प्राप्त स्वतन्त्रताको हक मध्ये विचार र अभिव्यक्तिको स्वतन्त्रता, विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, राजनीतिक दल खोल्ने स्वतन्त्रता तथा प्रकाशन, प्रशारण र छापाखाना सम्बन्धी हकको प्रयोगबाट सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकतामा खलल पुग्ने कुनै कार्यमा मुनासिव प्रतिवन्ध लगाउने कानून बनाउन सकिने व्यवस्था गरिएको छ । |

| सि. नं. | विषय वस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानमा रहने स्थानको अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| | | | | नोट : ***सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकताको संरक्षणको लागि मौलिक हक उपर मुनासिब प्रतिवन्ध लगाउने विषय र सम्पदा संरक्षण सम्बन्धी विषय मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति अन्तर्गत पर्ने भएकोले उक्त समितिबाट विस्तृत रुपमा उल्लेख हुने ।*** |
| ५. | नागरिकको कर्तव्य : | (१) राष्ट्रिय हितको संरक्षण र सम्बर्द्धनमा सहयोग र सेवा पुऱ्याउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।<br>(२) नेपालको सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकताको सम्मान र संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।<br>(३) देशको रक्षाको लागि सरकारले आवश्यक परेको समयमा १८ वर्ष उमेर पुगेका नागरिकलाई सैनिक तालिमको लागि आव्हान गर्न सक्नेछ र सो बमोजिम तालिममा भाग लिई राष्ट्रलाई सेवा प्रदान गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।<br>(४) राष्ट्रिय झण्डा र गानको सम्मान गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ । | | राष्ट्रिय हितको संरक्षण र सम्बर्द्धनको विषय राज्य र सरकारको मात्र नभई प्रत्येक नागरिकको पनि हो । राष्ट्र हितको संरक्षण र सम्बर्द्धनमा नागरिकको सहभागिताले राष्ट्र अझ बलियो हुन जाने भएकोले संविधानमा नै राष्ट्रिय हितको संरक्षण र सम्बर्द्धनको लागि नागरिकको कर्तव्य तोकिएको छ ।<br>१८ वर्ष उमेर पुगेका हरेक नेपाली नागरिकले सैनिक तालिम प्राप्त गरेमा उनीहरूले राष्ट्रिय सुरक्षाप्रति कर्तव्यवोध गर्ने, समाज र समुदायको सुरक्षा प्रदान गर्न सक्ने, आत्मरक्षा गर्न सक्ने र उनीहरूमा अनुशासनको विकास भई अन्तत समग्र राष्ट्रिय सुरक्षामा अनुकुल प्रभाव पर्न जान्छ र देशको सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकताको संरक्षण हुन सक्ने भएकोले यो व्यवस्था राखिएको छ ।<br>नागरिकबाट हुने राष्ट्रिय झण्डा र गानको सम्मानले राष्ट्रिय एकताको भावना अभिवृद्धिमा टेवा पुग्ने भएकोले यो व्यवस्था गरिएको छ । |
| ६. | राज्यको दायित्व : | (१) नेपालको स्वतन्त्रता, भौगोलिक अखण्डता, सार्वभौमसत्ता र राष्ट्रिय एकतालाई अक्षुण्ण राख्दै नागरिकको सुरक्षा प्रदान गरी आर्थिक, सामाजिक, राजनैतिक एवं साँस्कृतिक अधिकारको समानता र न्यायोचित तरिकाबाट | राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरूको भाग अन्तर्गत राज्यको दायित्वमा रहने । | सार्वभौमसत्ता र भौगोलिक अखण्डताको सुरक्षामा मात्र जोड दिने परम्परागत सुरक्षा अवधारणाले समाजमा जरा गाडी बसेका द्वन्दका कारणहरूलाई समाधान गर्न नसक्ने भएकाले जनताको आर्थिक, सामाजिक, राजनैतिक एवं साँस्कृतिक समुन्नतिको अधिकारको सुरक्षालाई विशेष जोड दिइएको छ । |

| सि. नं. | विषय वस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानमा रहने स्थानको अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| | | उपभोग गर्न सक्ने स्थिति सिर्जना गर्ने राज्यको दायित्व हुनेछ ।<br>(२) सार्वभौमसत्ता, राष्ट्रिय अखण्डताको रक्षा, राष्ट्रिय एकता र राष्ट्रिय सम्मानको अभिवृद्धि, राष्ट्रिय सुरक्षा र राजनैतिक स्थिरता, प्राकृतिक तथा साँस्कृतिक सम्पदा एवं महिला, दलित, आदिवासी, लोपोन्मुख जाति, जनजाति, मुस्लिम, मधेसी, समुदायको भाषा, धर्म, संस्कृतिको संरक्षण एवं सम्बर्द्धन, आर्थिक समुन्नति, गरिबी उन्मुलन, विभेदरहीत समाजको निर्माण, सवै वर्ग, जाति, लिङ्ग, वृद्ध, अपाङ्ग, बालबालिका र अल्पसंख्यक, सिमान्तकृत समुदाय र क्षेत्रका नागरिकको हक अधिकारको सुनिश्चितता, कानूनको शासन, पञ्चशिलका सिद्धान्त र विश्वशान्तिको पक्षपोषण गर्दै नेपालको स्वतन्त्रता, नेपाली जनताको स्वाभिमानको रक्षा र पहिचान अन्तर्राष्ट्रिय जगतमा अभिवृद्धि गरी राष्ट्रिय हितको प्रवर्द्धन गर्नु राज्यको दायित्व हुनेछ ।<br>(३) देशको साँस्कृतिक तथा प्राकृतिक सम्पदा संरक्षणको लागि विश्वसम्पदा सूचीमा सूचिकृत भएका तथा अन्य साँस्कृतिक र प्राकृतिक सम्पदाको रुपमा रहेका दूर्लभ | | राष्ट्रिय हितको संरक्षण र प्रवर्द्धन गर्ने प्रमुख र प्राथमिक दायित्व राज्यको भएकोले राज्यको दायित्व अन्तर्गतको धारामा यसलाई समावेश गरिएको छ ।<br>नेपाल एक वहुजातीय, वहुभाषिक, वहुधार्मिक, वहुसाँस्कृतिक, स्वतन्त्र, अविभाज्य, सार्वभौम सत्तासम्पन्न धर्म निरपेक्ष, समावेशी, लोकतान्त्रिक संघीय गणतन्त्रात्मक राज्य भएकोले महिला, दलित, आदिवासी, जनजाती, मुस्लिम, मधेशी, समुदाय लगायत सवै वर्ग, जाति, लिङ्ग, वृद्ध, अपाङ्ग, बालबालिका तथा अल्पसंख्यक र सीमान्तकृत समुदाय र क्षेत्रका नागरिकको हक अधिकारको सुनिश्चित गर्दै अन्तर्राष्ट्रिय जगतमा राष्ट्रिय हितका विषयहरूको प्रवर्द्धन गर्नु राज्यको दायित्व अन्तर्गत राखिएको छ । त्यस्तै प्राकृतिक तथा साँस्कृतिक सम्पदाको संरक्षण, अभिलेखीकरण र सूचीकरण गर्ने दायित्व समेत राज्यलाई तोकिएको छ ।<br>हालसम्म औपचारिक रुपमा नेपालको राष्ट्रिय सुरक्षा सम्वन्धी मूल नीति निर्माण हुन नसकेको कारण सुरक्षाका उद्देश्यहरू के के हुन ? परिभाषित नहुँदा सुरक्षा क्षेत्र दिशाहीन हुन पुगेको तथ्यलाई सम्बोधन गरी सुरक्षा क्षेत्रलाई उद्देश्यमूलक तरिकाबाट योजनाबद्ध रुपमा परिचालन गर्न सुरक्षा मूल नीति बनाउनु पर्ने कुरामा जोड दिइएको छ । |

| सि. नं. | विषय वस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानमा रहने स्थानको अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| | | जीवजन्तु, वनस्पति, हिमाल, जलसम्पदा, ताल, सीमसार, निकुञ्ज, आरक्ष, खनिज आदिको अभिलेखीकरण गरी सो को संरक्षण, सम्बर्द्धन र सूचीकृत गर्नु राज्यको दायित्व हुनेछ ।<br>(४) नेपाली जनताले अपेक्षा गरेको शान्ति, सुरक्षा, संवृद्धि तथा स्वतन्त्रताको चाहनालाई परिपूर्ति गर्दै राष्ट्रिय हितका विषयहरुको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्न राष्ट्रिय हित र सुरक्षा सम्बन्धी मूल नीति वनाई कार्यान्वयन गर्नु राज्यको दायित्व हुनेछ । | | |
| ७. | **राज्यका निर्देशक सिद्धान्त :** | (१) देशको सार्वभौमसत्ता, अखण्डता र स्वतन्त्रतालाई कायम राखी अन्तर्राष्ट्रिय जगतमा राष्ट्रिय सम्मानको अभिवृद्धि गर्दै राष्ट्रिय हितको प्रवर्द्धन गर्ने दिशामा राज्यको अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशित हुनेछ ।<br>(२) सबै राष्ट्रहरूको स्वतन्त्रता र सार्वभौमिक समानताको सम्मान गर्दै एउटा स्वतन्त्र राष्ट्रले अर्को स्वतन्त्र राष्ट्रको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने, राष्ट्रहरू वीचको आन्तरिक विवादको शान्तिपूर्ण समाधान गर्ने अन्तर्राष्ट्रिय कानून, संयुक्त राष्ट्रसंघको वडापत्रमा उल्लेखित सिद्धान्त र मान्यताहरू प्रति पूर्ण प्रतिबद्ध रहँदै नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध सञ्चालन हुनेछ । | राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरूको भाग अन्तर्गत राज्यका निर्देशक सिद्धान्तमा रहने । | देशको अन्तर्राष्ट्रिय सम्बन्ध सञ्चालनका आधारभूत विषयहरूलाई राज्यका निर्देशक सिद्धान्त अन्तर्गत उल्लेख गरी अन्तर्राष्ट्रिय सम्बन्ध सञ्चालनको लागि मार्गदर्शन गरिएको छ । खास गरी अन्तर्राष्ट्रिय सम्बन्ध सञ्चालन गर्दा देशको सार्वभौमसत्ता, अखण्डता र स्वतन्त्रतालाई अक्षुण्ण राखी राष्ट्रिय हितको प्रवर्द्धन गर्ने, सवै राष्ट्रहरूको सार्वभौमिक समानताको सम्मान, अर्को राष्ट्रको आन्तरिक मामिलामा अहस्तक्षेप, राष्ट्रहरूको वीचको आन्तरिक विवादको शान्तिपूर्ण समाधान जस्ता संयुक्त राष्ट्रसंघको वडापत्रमा उल्लेखित सिद्धान्त र मान्यताहरूप्रति प्रतिवद्ध रही अन्तर्राष्ट्रिय सम्बन्ध सञ्चालन हुने गरी यस धारामा व्यवस्था गरिएको छ । |

| सि. नं. | विषय वस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानमा रहने स्थानको अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| | | (३) अन्तराष्ट्रिय सम्बन्धमा शक्ति र सैन्य बलको प्रयोगको विरोध गर्दै विश्वलाई पूर्ण निःशस्त्रीकरण गर्ने दिशामा योगदान गर्ने नेपालको अन्तर्राष्ट्रिय सम्बन्धको उद्देश्य रहनेछ । | | |
| ८. | **राज्यका नीति :** | (१) नेपालको भौगोलिक अखण्डतालाई प्रभावकारी रुपमा संरक्षण र सम्बर्द्धन गर्नको लागि अन्तर्राष्ट्रिय सिमानाको व्यवस्थापन र नियन्त्रण वैज्ञानिक ढंगले गर्ने र छिमेकी मुलुकसंगको सीमा व्यवस्थापन नियमन सीमा प्रणालीको सिद्धान्तमा आधारित भई गर्ने नीति राज्यले अवलम्वन गर्नेछ ।<br><br>(२) राज्यले देशमा उपलब्ध जनशक्तिलाई राष्ट्रिय हित प्रवर्द्धनका लागि अधिकतम उपयोग गर्ने र प्रत्येक नागरिकले आफूमा रहेको सीप, ज्ञान र धारणा राष्ट्र हितका लागि समर्पण गर्न पाउने वातावरण सिर्जना गर्ने नीति लिनेछ ।<br><br>(३) देशको प्राकृतिक तथा साँस्कृतिक सम्पदाको पहिचान, संरक्षण, सम्बर्द्धन गरी त्यस्ता सम्पदामा वर्तमान र भावी पुस्ताको अन्तर्वंशीय समन्यायिक हकलाई समेत सुनिश्चित गर्ने नीति राज्यले अवलम्वन गर्नेछ । | राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरूको भाग अन्तर्गत राज्यका नीतिमा रहने । | नेपालको भौगोलिक क्षेत्रलाई भौतिक रुपमा सुरक्षित बनाई संरक्षण गर्न तथा छिमेकी मुलुक वीच हुने आवागमनलाई नियमन प्रणाली अपनाई अन्तर्राष्ट्रिय अपराध रोक्ने, सीमा क्षेत्रमा तस्करी हुन नदिने र सीमा क्षेत्रबाट हुन सक्ने आतङकवादी क्रियाकलाप माथि नियन्त्रण गरी छिमेकी मुलुकसंगको आपसी सम्बन्धलाई अझ सुमधुर तल्याउने कुरामा जोड दिइएको छ ।<br>कुनैपनि देशको महत्वपूर्ण पूँजीको रुपमा जनशक्तिलाई लिइने गरिन्छ । देशमा उपलब्ध जनशक्तिमा रहेको सीप र ज्ञानको समुचित ढंगले परिचालन गर्न सकिएमा देशको समग्र विकास हुन जान्छ । विभिन्न मुलुकहरुले आफ्नो देशमा उपलब्ध जनशक्तिको व्यापक परिचालनबाट सम्पन्नता हासिल गरेको थुप्रै उदाहरणहरु रहेका छन् । हामीले पनि देशमा उपलब्ध जनशक्तिमा रहेको सीप र ज्ञानको अधिकतम उपयोग गरी राष्ट्रिय हितको प्रवर्द्धन गर्ने र प्रत्येक नागरिकले पनि आफूमा रहेको सीप र ज्ञान राष्ट्र हितका लागि समपर्ण गर्न सक्ने किसिमको वातावरण सिर्जना गर्नको लागि राज्यले यस सम्बन्धी उपयुक्त नीति तय गर्न आवश्यक भएकोले राज्यको नीति अन्तर्गत यो व्यवस्था समावेश गरिएको छ । |

| सि. नं. | विषय वस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानमा रहने स्थानको अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| | | (४) राज्यले जनतामा वातावरणीय स्वच्छता प्रति चेतना जगाउँदै स्वच्छ र स्वस्थ वातावरण कायम राख्न नेपालको कूल भू-भागको कम्तिमा चालिस प्रतिशत भू-भागमा वनजंगल कायम राख्ने नीति राज्यले लिनेछ ।<br><br>(५) राज्यले आदिवासी जनजातिको जैविक तथा साँस्कृतिक श्रोत सम्बन्धी परम्परागत ज्ञान, सीप, अनुसन्धान र अभ्यासको पहिचान, संरक्षण र सम्बर्द्धन गरी त्यस्तो ज्ञान, सीप र अभ्यासबाट प्राप्त लाभमा सम्बन्धित समुदायको हकको सुनिश्चित गर्ने नीति लिनेछ ।<br><br>(६) राज्यले देशको प्राकृतिक स्रोत र साँस्कृतिक सम्पदा संरक्षणमा स्थानीय समुदायका महिला, भूमिहीन र विपन्न वर्गका व्यक्तिहरूको सहभागितालाई प्रोत्साहित गर्ने र त्यस्तो सम्पदाको संरक्षण र सम्बर्द्धनबाट प्राप्त लाभमा समन्यायिक पहुँचको अधिकारलाई सुनिश्चित गर्ने नीति अवलम्वन गर्नेछ ।<br><br>(७) राज्यले राष्ट्र र राष्ट्रिय हित अनुकुल उपयोगी एवं लाभदायक रुपमा देशको प्राकृतिक श्रोत तथा सम्पदाको परिचालन गर्ने नीति लिनेछ ।<br><br>(८) राष्ट्रिय स्वतन्त्रता र सार्वभौमसत्ताको संरक्षण, भौगोलिक अखण्डता र स्वाभिमानलाई कायम | | प्राकृतिक तथा साँस्कृतिक सम्पदाको पहिचान, संरक्षण र सम्बर्द्धनमा वातावरणीय विधिशास्त्रले विकसित गरेको अन्तर्वंशीय समन्यायिक सिद्धान्तलाई स्वीकार गरी राज्यले सो बमोजिम नीति अवलम्वन गर्न जोड दिएको छ ।<br>मानव समुदायले साझा रुपमा भोग्नु परेको समस्या वातावरणीय ह्रास हो । नेपाल पनि क्रमशः यस समस्याबाट प्रभावित हुन पुगेको छ । विश्वव्यापी उष्णताको शिकार वन्दै गएको छ जसले गर्दा नेपालमा रहेका हिमाल पग्लिँदै जाने र तापक्रम बढ्ने समस्या भोग्न शुरु भएकोले समयमा नै यसलाई सम्बोधन गर्न कम्तिमा चालीस प्रतिशत वनजंगल कायम राख्ने नीति समावेश गरिएको छ ।<br>आदिवासी जनजातीमा रहेको जैविक तथा साँस्कृतिक श्रोत सम्वन्धी परम्परागत ज्ञान, सीप, अनुसन्धान र अभ्यासको उपयोग गरी लाभ प्राप्त गर्ने र त्यस्तो लाभ आदिवासी, जनजातीलाई नै पुऱ्याउने तथा प्राकृतिक श्रोत र साँस्कृतिक सम्पदाको संरक्षणमा स्थानीय समुदायका महिला, भूमिहीन र विपन्न वर्गका व्यक्तिलाई सहभागी गराई तथा त्यसबाट प्राप्त लाभमा समन्यायिक पहुँचको सुनिश्चितता प्रदान गर्ने नीतिमा जोड दिइएको छ ।<br>नेपालले परराष्ट्र नीतिको सञ्चालन गर्दा संयुक्त राष्ट्रसंघको वडापत्र, असंलग्नताको सिद्धान्त, विश्वशान्तिको मान्यताको आधारमा छिमेकी मित्र राष्ट्रका जनताका वीचमा रहेको सामाजिक तथा साँस्कृतिक सम्बन्ध मजवुत बनाउने र समसामिप्यताको आधारमा (Equiproximity) र अन्य मुलुकहरूसंग समानताको आधारमा व्यवहार गर्ने र मुलुक |

| सि. नं. | विषय वस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानमा रहने स्थानको अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| | | राख्दै समानताको आधारमा विश्वव्यापीकरण र राष्ट्र राष्ट्रहरूका वीच बढ्दो पारस्परिक अन्तर्निभरताको वास्तविक यथार्थलाई आत्मसात गरी संयुक्त राष्ट्रसंघको वडापत्र, असंलग्नता, पञ्चशिल एवं शान्तिपूर्ण सहअस्तित्वको सिद्धान्त, मानव अधिकारको सम्मान, अन्तर्राष्ट्रिय कानून र विश्व शान्तिको मान्यताको आधारमा छिमेकी मित्र राष्ट्रहरू र संसारका अरु सवै मुलुकहरू सित आर्थिक, सामाजिक एवं अन्य क्षेत्रमा समानताको आधारमा सहयोगात्मक सुसम्बन्ध कायम गरी नेपालमा शान्तिलाई अन्तर्राष्ट्रिय मान्यताको आधारमा संस्थागत गर्दै जाने नीति राज्यले अवलम्वन गर्नेछ ।<br>(९) राज्यले नेपाली जनता र छिमेकी मित्र राष्ट्रहरूको जनताका वीचमा रहेको सामाजिक तथा साँस्कृतिक सम्बन्धलाई अझ मजवुत र प्रगाढ बनाउँदै दुवै छिमेकी मुलकहरूसंग समानताको आधारमा व्यवहार गर्ने नीति अवलम्वन गर्नेछ ।<br>(१०) नेपालले राष्ट्रहरू वीचको विवादलाई युद्धबाट समाधान गर्ने कुनैपनि प्रयासमा एक राष्ट्रले अर्को राष्ट्रको क्षेत्रीय अखण्डता र स्वतन्त्रताको विरुद्ध गरिएको कुनै पनि शक्ति र धम्कीको प्रयोगको विरोध गर्ने नीति अवलम्वन गर्नेछ । | | बाहिर रहेका नेपाली नागरिकको हकहितको रक्षा गर्ने, गैरआवासीय नेपाली नागरिकसंगको आर्थिक तथा सामाजिक सम्बन्ध कायम गर्ने नीति अवलम्वन गर्नेमा जोड दिइएको छ । त्यस्तै द्वन्द समाधानमा नेपालले हासिल गरेको अनुभव र उपलब्धीलाई संस्थागत गरी द्वन्द समाधानमा महत्वपूर्ण सहयोग पुऱ्याउने नीति समेत अवलम्वन गरिएको छ ।<br>स्वदेश तथा विदेशका विभिन्न सुरक्षा निकायमा काम गरी अवकाश प्राप्त भूतपूर्व सेना र प्रहरीसंग रहेको ज्ञान, सीप र अनुभवलाई राष्ट्रिय हितमा उपयोग गर्ने कुनै राष्ट्रिय नीति हालसम्म बन्न नसकेकोले यो जनशक्ति त्यसै खेर गइरहेको हुँदा त्यसलाई उपयोग गर्ने नीति बनाई राष्ट्र निर्माणमा लगाउने कुरामा राज्यको ध्यान जानु पर्ने कुरालाई जोड दिइएको छ । |

| सि. नं. | विषय वस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानमा रहने स्थानको अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| | | (११) नेपाल बाहिर रहेका नेपाली नागरिकहरूको हक हितको सुरक्षाका साथै विभिन्न मुलुकमा रहेबसेका नेपाली नागरिकसंगको आर्थिक तथा सामाजिक सम्बन्ध कायम गराउने दिशामा नेपालको परराष्ट्र नीति क्रियाशील हुनेछ ।<br>(१२) विश्व शान्तिको प्रबर्द्धन र विकासको साथै लोकतन्त्र र मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन प्रति पूर्ण समर्थन र सहयोग गर्दै स्वतन्त्र राष्ट्रले भोग्दै आएका आन्तरिक द्वन्द, कलह र युद्धको शान्तिपूर्ण समाधानको लागि द्वन्द समाधानमा नेपालले हाँसिल गरेको अनुभव र उपलब्धीहरूलाई संयुक्त राष्ट्र संघ र अन्तर्राष्ट्रिय निकायहरूको माध्यमबाट सम्बन्धित पक्षहरूलाई आवश्यक सहयोग उपलब्ध गराउने नीति राज्यले लिनेछ ।<br>(१३) राज्यले आवश्यकता अनुसार भूतपूर्व सैनिक र प्रहरीमा रहेको ज्ञान, सीप र अनुभवको उपयोग गर्ने नीति अवलम्वन गर्नेछ । | | |
| ९. | **परराष्ट्र सम्बन्ध** | नेपालको परराष्ट्र सम्बन्ध सञ्चालन सम्बन्धी अधिकार केन्द्र/संघमा निहित रहनेछ । | राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँडबाट तय भएपछि केन्द्रीय सरकारको अधिकारको सूचीमा रहने । | कुनै पनि राष्ट्रको आफ्नो व्यक्तित्व र परिचय अन्तर्राष्ट्रिय जगतमा चिनाउने, स्थापित गराउने, राष्ट्रको इज्जत र प्रतिष्ठा अभिवृद्धि गर्ने कार्य परराष्ट्र सम्बन्ध मार्फत नै हुने गर्दछ । अन्तर्राष्ट्रिय सम्बन्ध सञ्चालन गर्नको लागि अन्तर्राष्ट्रिय कानूनी व्यक्तित्व (International Legal Personality) प्राप्त एकाई (Entity) हुनुपर्छ । त्यस्तो एकाईमा |

| सि. नं. | विषय वस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानमा रहने स्थानको अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| | | | | मात्र बाह्य राष्ट्रसंग सम्बन्ध स्थापना गर्न सक्ने सक्षमता रहने भएकोले परराष्ट्र सम्बन्धलाई समग्र राष्ट्रको तर्फबाट केन्द्रीय/संघीय सरकारले नै सञ्चालन गर्ने गरी व्यवस्था गरिएको छ । |
| १०. | **<u>नेपाली राजदूत र विशेष प्रतिनिधि</u> :** | (१) राष्ट्रप्रमुख / मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रप्रमुखले नेपाली राजदूत र कुनै खास प्रयोजनको लागि विशेष प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।<br>(२) राष्ट्रप्रमुखले विदेशी राजदूत र विशेष प्रतिनिधिको ओहदाको प्रमाणपत्र ग्रहण गर्नेछ । | विविध खण्डमा छुट्टै धाराको रुपमा राख्ने | नेपाली राजदूत र विशेष प्रतिनिधि नेपालको राष्ट्रिय स्वतन्त्रता र सार्वभौमिकताको संरक्षण, भौगोलिक अखण्डताको रक्षा, अन्तर्राष्ट्रिय व्यक्तित्वको निर्माण, आर्थिक विकास लगायतको राष्ट्रिय हितका विषयहरूको संरक्षण सम्बर्द्धनका लागि अन्तर्राष्ट्रिय समुदायमा समेत क्रियाशील हुन जरुरी रहन्छ । कुटनीतिज्ञलाई सरकारको आँखा र कान पनि भन्ने गरिन्छ । सरकारले कुटनीतिज्ञ मार्फत नै वाह्य संसारको वस्तुस्थितिको जानकारी लिने र राष्ट्रिय हितको प्रवर्द्धन गर्ने कार्य सञ्चालन गर्ने भएकोले नेपाली राजदूत र विशेष प्रतिनिधिको नियुक्ति राष्ट्रप्रमुख/मन्त्रीपरिषद्को सिफारिसमा राष्ट्रप्रमुखले गर्ने व्यवस्था समावेश गरिएको छ । |
| ११. | **<u>सन्धि सम्पन्न गर्ने अधिकार</u> :** | (१) सन्धि वा सम्झौता गर्ने अधिकार केन्द्र/संघमा निहित रहनेछ ।<br>(२) प्रदेशलाई प्रत्यक्ष असर पर्ने वा प्रदेशको क्षेत्राधिकार भित्रको विषयमा सन्धि वा सम्झौता गर्दा केन्द्र/संघले सम्बन्धित प्रदेशको सहमति लिनेछ ।<br>(३) प्रदेश/प्रान्तले केन्द्रीय सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता गर्न सक्नेछ । | सन्धि वा सम्झौता सम्बन्धी भागको छुट्टै धारामा रहने । | प्रत्येक सार्वभौमसत्ता सम्पन्न मुलुकले अर्को कुनै राज्य वा अन्तर्राष्ट्रिय व्यक्तित्व प्राप्त संगठनका वीच कुनै प्रकारको सन्धि वा सम्झौता गर्ने वा नगर्ने विषयमा सार्वभौम अधिकार राख्दछ । यो अवधारणा राष्ट्रहरूको सार्वभौमिक समानताको सिद्धान्त (Principle of Sovereign Equality) मा आधारित छ । विज्ञान, प्रविधि र सूचनाको विकास, आर्थिक, सामाजिक, राजनैतिक, व्यापारिक, शैक्षिक वा धार्मिक कारणबाट राष्ट्रहरू एक अर्कोसंग अन्तरनिर्भर हुन पुगेका छन् । राष्ट्रिय हित र पारस्परिक सहयोगको लागि राज्य र राज्यका वीच वा राज्य र अन्तरसरकारी संगठनका वीच सन्धि वा सम्झौता सम्पन्न |

| सि. नं. | विषय वस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानमा रहने स्थानको अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| | | | | भएका हुन्छन् । यस्ता सन्धि वा सम्झौताले पक्षहरूका वीचमा अधिकार र दायित्व सिर्जना गरेको हुन्छ । यस्ता अधिकारको उपभोग र दायित्वको पालना गर्नुपर्ने हुन्छ । सन्धि वा सम्झौता सम्पन्न गर्ने अधिकार परराष्ट्र सम्बन्धको विषय भएकोले त्यस्तो सन्धि वा सम्झौता गर्ने अधिकार अन्तर्राष्ट्रिय व्यक्तित्वको कारणबाट केन्द्र/संघमा राखिनुपर्ने भएकोले सोही बमोजिम व्यवस्था गरिएको छ । यद्यपि प्रान्त/प्रदेशलाई प्रत्यक्ष असर पर्ने विषयमा सन्धि वा सम्झौता गर्दा सम्बन्धित प्रान्त/प्रदेशको सहमति लिई केन्द्र/संघले गर्ने र केही आर्थिक तथा औद्योगिक सम्बन्धसंग सम्बन्धित सामान्य खालका करारजन्य सम्झौताहरू गर्न सक्ने अधिकार प्रान्त वा प्रदेशलाई प्रदान गरिएको छ । |
| १२. | **सन्धि वा सम्झौता गर्न नसकिने :** | देहायको विषयमा कुनै सन्धि वा सम्झौता गरिने छैन :-<br>(क) नेपाल राज्यको सिमाना संकुचन गर्ने वा राज्यको प्रादेशिक अखण्डतामा प्रतिकूल असर पर्ने,<br>(ख) नेपालको सार्वभौमसत्ता र राष्ट्रिय एकतामा खलल पर्ने,<br>(ग) संविधानको प्रतिकूल हुने,<br>(घ) नेपालको प्राकृतिक श्रोत र साधनको उपयोगको बाँडफाँडबाट नेपाललाई दीर्घकालीन रुपमा अहित हुने । | सन्धि वा सम्झौता सम्बन्धी भागको छुट्टै धारामा रहने । | राष्ट्रका केही आधारभूत स्वार्थहरू - नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता तथा प्राकृतिक श्रोत र सम्पदा रहेका हुन्छन् र त्यस्ता आधारभूत स्वार्थको प्रतिकूल सन्धि वा सम्झौता सम्पन्न गर्न नसक्ने गरी संविधानमा व्यवस्था गरिएको छ । |
| १३. | **सन्धि वा सम्झौताको अनुमोदन,** | (१) नेपाल राज्य वा नेपाल सरकार पक्ष हुने सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | सन्धि वा सम्झौता सम्बन्धी भागको छुट्टै धारामा रहने । | सरकारले कार्य सम्पादनका सिलसिलामा गर्ने सन्धि वा सम्झौताहरू विभिन्न प्रकृतिका हुन सक्दछन् । कुनै सन्धि वा सम्झौता राष्ट्रिय हितलाई व्यापक, गम्भीर वा दीर्घकालीन |

| सि. नं. | विषय वस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानमा रहने स्थानको अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| | **सम्मिलन, स्वीकृति वा समर्थन :** | (२) उपधारा (१) बमोजिम कानून बनाउँदा अन्य कुराको अतिरिक्त देहायका विषयका सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन केन्द्रीय/संघीय व्यवस्थापिकामा तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको दुई तिहाई वहुमतले गर्नुपर्ने शर्त राखिनेछ :-<br>(क) शान्ति र मैत्री;<br>(ख) सुरक्षा एवं सामरिक सम्बन्ध;<br>(ग) नेपाल राज्यको सिमाना; र<br>(घ) प्राकृतिक श्रोत तथा त्यसको उपयोगको बाँडफाँड ।<br>(३) उपधारा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको बिषयको सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन केन्द्रीय/संघीय व्यवस्थापिकाको बैठकमा उपस्थित सदस्यहरुको साधारण बहुमतबाट गर्न सकिनेछ :-<br>(क) उपधारा (२) को खण्ड (क) र (घ) मा उल्लिखित विषयका सन्धि वा सम्झौता मध्ये राष्ट्रलाई व्यापक, गम्भीर वा दीर्घकालिन असर नपर्ने साधारण प्रकृतिको सन्धि वा सम्झौता; | | असर गर्ने खालका हुन्छन् । कुनै सन्धि वा सम्झौता सामान्य प्रकृतिका (प्रशासनिक, प्राविधिक, बाणिज्य र व्यापारिक, कार्यकारिणी वा अन्य सामान्य प्रकृतिका) सन्धि वा सम्झौता हुन सक्छन् भने कुनै सन्धि वा सम्झौताले भइरहेको कानुनी व्यवस्थाको परिवर्तनको माग पनि गर्दछ । यस्ता विभिन्न प्रकृतिका सन्धि वा सम्झौताहरूबाट सिर्जित दायित्व र प्राप्त हुने अधिकारहरू पनि फरक फरक हुन सक्छन् । सबै प्रकारका सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गर्ने प्रक्रिया एकै किसिमको अवलम्वन गर्नु व्यवहारिक नहुने र यस्को विस्तृत प्रक्रिया संविधानमा समावेश गर्न उपयुक्त नभएकोले खास किसिमका सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वकिति वा समर्थन गर्ने व्यवस्था संविधानमा उल्लेख गरी अन्य विषय छुट्टै कानून बनाई निर्धारण गर्न र अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थनको व्यवस्थाले राष्ट्रिय सरोकारको विषयमा सार्वजनिक वहस र सन्धिमा पुनर्विचार गर्न समेत मद्दत पुऱ्याउने भएकोले सोही बमोजिम यस दफामा व्यवस्था गरिएको छ । |

| सि. नं. | विषय वस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानमा रहने स्थानको अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| | | (ख) सन्धिको प्रावधान अनुसार नै अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन आवश्यक भएको;<br>(ग) कुनै अन्तर सरकारी संगठनको स्थापना गर्ने वा त्यस्तो कुनै संगठनको सदस्यता प्राप्त गर्ने;<br>(घ) नेपाललाई कुनै किसिमको दायित्व वा आर्थिक भार पर्न जाने र त्यसको कार्यान्वयनको लागि कानूनी व्यवस्था आवश्यक रहेको; र<br>(ङ) प्रचलित कानूनको प्रतिकूल हुने सन्धि वा सम्झौता ।<br>(४) यो संविधान प्रारम्भ भएपछि अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन हुनु पर्ने कुनै सन्धि वा सम्झौता यस धारा बमोजिम अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन नभएसम्म नेपाल सरकार वा नेपाल राज्यको हकमा लागू भएको मानिने छैन । | | |
| १४. | **सन्धिको व्यवस्था कानून सरह लागू हुने :** | (१) व्यवस्थापिकाबाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल राज्य वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानूनसंग बाँझिएमा सो सन्धिको प्रयोजनको लागि बाँझिएको हदसम्म प्रचलित | सन्धि वा सम्झौता सम्बन्धी भागको छुट्टै धारामा रहने । | अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता र राष्ट्रिय कानूनका वीच अत्यन्त निकट्तम सम्बन्ध रहेको छ । अन्तर्राष्ट्रिय सन्धि सम्पन्न गर्ने कार्य अन्तर्राष्ट्रिय कानून बमोजिमको कार्य हो तापनि यो राष्ट्रिय कानूनको अधीनमा रहेर गरिन्छ । अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको राष्ट्रिय स्तरमा कार्यान्वयन |

| सि. नं. | विषय वस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानमा रहने स्थानको अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| | | कानून अमान्य हुनेछ र तत्सम्वन्धमा सन्धिको व्यवस्था नेपाल कानून सरह लागू हुनेछ । (२) नेपाल सरकारले व्यवस्थापिकाबाट अनुमोदन, स्वीकृति वा समर्थन नभएको वा सम्मिलनको स्वीकृति नपाएको तर नेपाल राज्य वा नेपाल सरकार उपर कुनै थप दायित्व वा व्यय भार पर्न जाने र त्यसको कार्यान्वयनको लागि कानूनी व्यवस्था गर्नुपर्ने रहेछ भने त्यस्तो सन्धि कार्यान्वयनको लागि आवश्यक कानून बनाउनेछ । | | हुने सम्बन्धमा स्वीकार गरिएका दुई वटा एकत्ववाद (Monism) - सन्धि वा सम्झौताको पक्ष राष्ट्र बनेपछि राष्ट्रिय कानून सरह स्वतः कार्यान्वयन हुने मान्यता र द्वैतवाद (Dualism) - सम्बन्धित देशको केन्द्रीय व्यवस्थापिकाले कानून निर्माण गरी कार्यान्वयन गरिनु पर्छ भन्ने मान्यताले प्रस्तुत गरेका अवधारणालाई देशको मूल कानून संविधानमा नै व्यवस्था गर्न उपयुक्त हुने भएकोले यस धारामा समावेश गरिएको छ । |
| १५. | **सन्धि वा सम्झौता केन्द्रीय व्यवस्थापिकामा टेबुल गर्ने** : | नेपाल सरकारले अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन आवश्यक नपर्ने नेपाल राज्य वा नेपाल सरकार पक्ष भएको सन्धि वा सम्झौता केन्द्रीय व्यवस्थापिकाको वैठक/केन्द्रीय व्यवस्थापिकाको सम्वन्धित समितिमा टेबुल गर्नेछ । | सन्धि वा सम्झौता सम्बन्धी भागको छुट्टै धारामा रहने । | अनुमोदन, सम्मिलन, समर्थन वा स्वीकृतिका लागि व्यवस्थापिकामा पेश गर्नु नपर्ने नेपाल राज्य वा नेपाल सरकार पक्ष भएको सन्धि वा सम्झौता केन्द्रीय व्यवस्थापिकाको वैठक /केन्द्रीय व्यवस्थापिकाको सम्बन्धित समितिमा पेश गर्ने व्यवस्थाले गोप्य सन्धि वा सम्झौतको प्रयासलाई निरुत्साहित गर्ने तथा सन्धि वा सम्झौताको पारदर्शिता कायम राख्ने र जनताद्वारा निर्वाचित व्यवस्थापिकाप्रति सरकारलाई उत्तरदायी बनाउन मद्दत पुग्ने उद्देश्यले यो धाराको व्यवस्था गरिएको छ । |
| १६. | **व्यवस्थापिकाबाट स्वीकृति प्राप्त गर्नुपर्ने** : | जलश्रोत उपयोगका सम्बन्धमा स्वदेशी व्यक्ति वा संस्था बाहेकका अन्य व्यक्ति वा संस्थालाई लगानी गर्न दिने सम्बन्धी सम्झौता गर्नु अघि केन्द्रीय व्यवस्थापिकाको बैठकको वहुमतबाट स्वीकृति प्राप्त गर्नुपर्नेछ । | सन्धि वा सम्झौता सम्बन्धी भागको छुट्टै धारामा रहने । | नेपालको जलश्रोत राष्ट्रिय हितको सम्वेदनशील विषय भएकोले वैदेशिक लगानीमा जलश्रोतको उपयोग गर्ने विषयलाई जनताद्वारा निर्वाचित प्रतिनिधिको स्वीकृति प्राप्त गर्ने व्यवस्थाले राजनैतिक तहमा हुने विवाद र कार्यकारिणीबाट हुन सक्ने दुरुपयोगलाई नियन्त्रण गर्न मद्दत पुग्ने भएकोले यो प्रावधान राखिएको छ । |

| सि. नं. | विषय वस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानमा रहने स्थानको अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| १७. | **संकटकालिन अधिकार :** | (१) नेपाल राज्यको सार्वभौमसत्ता, अखण्डता वा कुनै भागको सुरक्षा वा राष्ट्रिय एकतामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विश्रृङ्खलताको कारणले गम्भिर संकट उत्पन्न भएमा राष्ट्रप्रमुख/मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रप्रमुखले नेपाल राज्यभर वा कुनै खास क्षेत्रमा लागु हुने गरी संकटकालिन अवस्थाको घोषणा वा आदेश जारी गर्न सक्नेछ ।<br>(२) गम्भीर प्राकृतिक प्रकोप वा चरम आर्थिक विश्रृंखलताको कारणले प्रान्त/प्रदेशमा गम्भीर संकट उत्पन्न भएमा आफ्नो प्रादेशिक क्षेत्राधिकार भित्र लागू हुने गरी केन्द्रीय/संघीय सरकारको सहमतिमा प्रान्त/प्रदेश सरकारले संकटकालीन अवस्थाको घोषणा वा आदेश जारी गर्न सक्नेछ । | संकटकालिन अधिकारको भागमा रहने । | राष्ट्रको जीवनमा पनि कतिपय अवस्थामा युद्ध, वाह्य आक्रमण, सशस्त्र विद्रोह र चरम आर्थिक विश्रृंखलता जस्ता आन्तरिक तथा वाह्य कारणहरूबाट गम्भीर संकटहरू आउन सक्दछ । यी संकटले राष्ट्रको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रिय एकता माथि नै गम्भीर असर पुऱ्याउन सक्ने भएकाले हरेक मुलुकले त्यस्ता भविष्यमा आउन सक्ने संकट मोचन गरी राष्ट्रलाई पूर्ववत् अवस्थामा ल्याई अवस्था सामान्यीकरण गर्न आवश्यक संवैधानिक/कानूनी व्यवस्था गर्ने गरेको पाईन्छ । यी नै कुराहरूलाई मध्यनजरमा राखी यो व्यवस्था गरिएको छ ।<br>**नोट :** ***संकटकालीन अवस्थाको घोषणा सम्बन्धी विषय संवैधानिक समितिको कार्यक्षेत्र भित्र रहेकोले यहाँ विस्तृत उल्लेख गरिएको छैन ।*** |
| १८. | **आत्मनिर्णयको अधिकार :** | नेपालको संघीय शासन प्रणाली स्वायत्त शासन व्यवस्थाको सिद्धान्तमा आधारित भै सञ्चालन हुनेछ । सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकताको प्रतिकूल नहुने गरी प्रत्येक प्रान्त/प्रदेश र स्थानीय सरकारलाई यस संविधानमा व्यवस्था भए बमोजिम आफ्नो प्रादेशिक क्षेत्रभित्रका जनताको राजनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक विकास तथा प्राकृतिक सम्पदाको सम्बर्द्धन, संरक्षण र उपयोग गर्ने पूर्ण आत्म | विविध भागमा छुट्टै धाराको रुपमा रहने । | संघमा रहने संघीय इकाई र स्थानीय सरकारलाई आफ्नो राष्ट्रको सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकता विपरित नहुने गरी प्रादेशिक क्षेत्राधिकार भित्र अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी कानूनको भावना अनुरुप जनताको राजनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक विकास तथा प्राकृतिक सम्पदाको संरक्षण, सम्बर्द्धन र उपयोग उपर विना हस्तक्षेप पूर्ण रुपमा स्वनिर्णय गर्न पाउने अधिकारले सो क्षेत्रमा वसोवास गर्ने सम्पूर्ण नागरिकहरूलाई राष्ट्र विकासमा सक्रिय हुने अवसर प्राप्त हुन गई अन्तत त्यसले राष्ट्र |

| सि. नं. | विषय वस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानमा रहने स्थानको अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| | | निर्णयको अधिकार रहनेछ । | | विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने र राष्ट्रिय एकता समेत मजवुत हुने भएकोले यो व्यवस्था राखिएको छ । |
| १९. | **राजनैतिक दल** : | कुनैपनि राजनैतिक दलले देशको सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकताको प्रतिकूल हुने गरी आफ्ना क्रियाकलापहरू सञ्चालन गर्न पाउने छैन । सो विपरित गरिने क्रियाकलाप कानूनद्वारा दण्डनीय हुनेछ । | राजनैतिक दलको भागमा रहने । | देशको सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकताको संरक्षण र प्रवर्द्धन गर्नु हरेक राजनैतिक दलको कर्तव्य हो । यसको विपरित हुने गरी कुनै पनि दलले आफ्ना क्रियाकलाप सञ्चालन गरेमा कानूनद्वारा दण्डनीय हुन आवश्यक देखिएकोले यो व्यवस्था गरिएको छ । |
| २०. | **जनमत संग्रह सम्बन्धी व्यवस्था** : | (१) राष्ट्रिय महत्वको कुनै विषयमा जनमत संग्रहबाट निर्णय लिन आवश्यक छ भनी संघीय/केन्द्रीय व्यवस्थापिकामा तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको दुई तिहाई वहुमतबाट निर्णय भएको विषयमा जनमत संग्रहबाट निर्णय लिन सकिनेछ ।<br>(२) उपधारा (१) बमोजिमको प्रक्रियाबाट निर्णय लिइने कार्यविधि कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | विविध भागमा छुट्टै धाराको रुपमा रहने । | जनमत संग्रहलाई जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गरिने एक माध्यमको रुपमा लिइन्छ । यसलाई प्रत्यक्ष लोकतन्त्रको विशेषताको रुपमा पनि लिइन्छ । तसर्थ राष्ट्रमा विद्यमान कुनै महत्वपूर्ण विषयमा जनमत संग्रहबाट निर्णय लिनुपर्ने अवस्था आएमा जनमत संग्रहबाट जनताको प्रत्यक्ष सहभागितामा निर्णय लिन सकिएमा जनताको परिवर्तनको आकांक्षालाई सम्वोधन गर्न सकिने र राजनैतिक व्यवस्थालाई यसले गतिशिलता समेत प्रदान गर्ने भएकाले संविधानमा यो व्यवस्था गरिएको छ । |
| २१. | **नेपालको अन्तर्राष्ट्रिय सिमाना** : | (१) नेपालको अन्तर्राष्ट्रिय सिमानाको सुरक्षा, व्यवस्थापन र सिमाङकनको मूख्य जिम्मेवारी संघीय/केन्द्रिय सरकारको हुनेछ ।<br>(२) नेपालको अन्तर्राष्ट्रिय सिमाना तत्कालीन नेपाल सरकार र ईष्ट ईण्डिया कम्पनी (ब्रिटिश सरकार) का वीच भएको सन् १८१६, सन् १८१९, सन् १८६० र सन् १८७५ को सन्धिका आधारमा भारतसंग स्थायी सिमाङ्कन | राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँडबाट तय भएपछि केन्द्रीय सरकारको अधिकारको सूचीमा रहने । | कुनै पनि सार्वभौमसत्ता सम्पन्न राष्ट्रको भौगोलिक क्षेत्रलाई अन्तर्राष्ट्रिय सिमानाले घेरेर राखेको हुन्छ । भौगोलिक अखण्डता जोगाई राख्न अन्तर्राष्ट्रिय सिमानाको सुरक्षा, व्यवस्थापन र सिमाङ्कन गर्नु अति जरुरी हुन्छ । यो एक छिमेकी मुलुकसंगको अन्तर्राष्ट्रिय सम्बन्धको विषय भएकोले केन्द्रीय सरकारलाई यसको मुख्य जिम्मेवारी दिइएमा संघीय इकाईहरूबाट केन्द्रले सहयोग लिन सक्ने नै भएकोले यो व्यवस्था गरिएको छ ।<br>वर्तमान नेपालको पूर्व, पश्चिम र दक्षिण तर्फको |

| सि. नं. | विषय वस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानमा रहने स्थानको अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| | | गरिनेछ र सन् १९६१ मा चीनसंग भएको सन्धिको आधारमा चीनसंगको अन्तर्राष्ट्रिय सिमानालाई व्यवस्थापन गरिनेछ । | | भारतसंगको अन्तर्राष्ट्रिय सिमाना तत्कालिन नेपाल सरकार र ईष्ट ईण्डिया कम्पनी (ब्रिटिश भारत) का वीच भएको सन् १८१६, सन् १८१९, सन् १८६० र सन् १८७५ को सन्धिको आधारमा तय भएको र सो बमोजिमको सिमाङ्कन पूर्ण रुपमा भई नसकेको र भइसकेको सिमाङ्कन पनि दुई देशबाट आधिकारिक रुपमा प्रमाणित हुन बाँकी नै रहेको तथा कालापानी, सुस्ता जस्ता क्षेत्रमा सीमा सम्बन्धी समस्या कायमै रहेकोले सो समस्या उच्चस्तरीय कुटनैतिक पहलबाट समाधान गरी सिमाङ्कनको कार्यलाई पूर्णता दिनुपर्ने तथा उत्तर तर्फको चीनसंगको अन्तर्राष्ट्रिय सिमाना सन् १९६१ को सन्धिका आधारमा सिमाङ्कन र सो अनुरुप विस्तृत सीमा सम्बन्धी सन्धि समेत भइसकेकोले त्यस्को नियमित व्यवस्थापन गरी नेपालको अन्तर्राष्ट्रिय सिमानालाई संरक्षण र व्यवस्थापन गर्नुपर्ने भएकोले यो व्यवस्था गरिएको छ । |
| २२. | राष्ट्रिय सुरक्षा परिषद् : | (१) नेपालको समग्र राष्ट्रिय हित, सुरक्षा र प्रतिरक्षा सम्बन्धी नीति तर्जुमा गर्न तथा नेपाली राष्ट्रिय सेनाको परिचालन र व्यवस्थापन गर्नका लागि मन्त्रिपरिषद्लाई/ कार्यकारिणी प्रमुखलाई सिफारिस गर्न देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहेको एक राष्ट्रिय सुरक्षा परिषद् रहनेछ :-<br>(क) कार्यकारिणी प्रमुख - अध्यक्ष<br>(ख) रक्षा मन्त्री - सदस्य<br>(ग) गृह मन्त्री - सदस्य<br>(घ) परराष्ट्र मन्त्री - सदस्य | राष्ट्रिय सुरक्षा सम्बन्धी भागमा रहने । | नेपालको विदेश नीति, राष्ट्रिय सुरक्षा नीति तथा प्रतिरक्षा सम्बन्धी नीति तर्जुमा गरी सरकारलाई सिफारिस गर्ने तथा राष्ट्रिय सुरक्षासंग सम्बन्धित समग्र क्षेत्रलाई समेटेर आवश्यक योजना बनाउने, सरकार प्रमुखलाई सो सम्बन्धमा सुझाव दिने र सम्पूर्ण सुरक्षा अंगहरूलाई नागरिक सरकारको मातहतमा राखी समन्वय गरी कार्यान्वयन पक्षलाई समेत प्रभावकारी बनाउने उद्देश्यले सरकार प्रमुखको नेतृत्वमा राष्ट्रिय सुरक्षा परिषद् गठन गर्न आवश्यक देखिएकोले यो व्यवस्था गरिएको छ ।<br>राज्यमा रहेका सुरक्षा सम्बन्धी विज्ञहरूलाई परिषद्को बैठकमा आमन्त्रण गरी उनीहरूबाट राय सल्लाह प्राप्त गर्न, |

| सि. नं. | विषय वस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानमा रहने स्थानको अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| | | (ङ) अर्थ मन्त्री - सदस्य<br>(च) कार्यकारिणी प्रमुखबाट आवश्यकता अनुसार मनोनित मन्त्रिपरिषद्का २ जना मन्त्रीहरू - सदस्य<br>(२) राष्ट्रिय सुरक्षा परिषद्ले आफ्नो बैठकमा आवश्यकता अनुसार सल्लाहकारको रुपमा सुरक्षा सम्बन्धी विज्ञहरूलाई आमन्त्रण गर्न सक्नेछ ।<br>(३) राष्ट्रिय सुरक्षा परिषद्का सचिवको नियुक्ति सरकार प्रमुखबाट हुनेछ ।<br>(४) राष्ट्रिय सुरक्षा परिषद्को कामलाई प्रभावकारी रुपमा सञ्चालन गर्न परिषद्को सचिवालयमा योजना उपसमिति, सल्लाहकार उपसमिति तथा कार्यान्वयन उपसमिति रहने छन् ।<br>(५) राष्ट्रिय सुरक्षा परिषद् सम्बन्धी अन्य व्यवस्था कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | | परिषद्को सचिवालयलाई एक स्वतन्त्र प्रभावकारी सक्षम निकायका रुपमा विकास गर्न तथा सचिवालयलाई एक सक्षम निजामती मातहतको संस्था बनाउन र परिषद्को कामलाई प्रभावकारी ढंगबाट सञ्चालन गर्न विभिन्न सरकारी निकायका उच्च पदस्थ अधिकारीहरू, स्वतन्त्र विज्ञहरू समेत रहेका छुट्टा छुट्टै उपसमितिहरू बनाउन आवश्यक भएकोले यो व्यवस्था गरिएको छ । |
| २३. | **सैनिक सेवा आयोगको गठन :** | नेपाली राष्ट्रिय सेनाको नियुक्ति र पदोन्नतिको लागि कानूनमा व्यवस्था भए बमोजिम एक सैनिक सेवा आयोगको गठन गरिनेछ । | राष्ट्रिय सुरक्षा सम्बन्धी भागमा रहने । | नेपाली राष्ट्रिय सेनामा हुने नियुक्ति र पदन्नोति जस्ता विषयहरू स्वच्छ र पारदर्शी ढंगबाट समानुपातिक समावेशी आधारमा संगठनको गुणस्तर र प्रभावकारितामा आँच नआउने गरी पदपूर्ति गर्न आवश्यक भएकाले यो व्यवस्था गरिएको छ । |
| २४. | **नेपाली राष्ट्रिय सेना सम्बन्धी व्यवस्था :** | (१) सार्वभौमसत्ता, अखण्डता, स्वतन्त्रता र राष्ट्रिय एकताको रक्षा तथा राष्ट्रिय विकास र निर्माण कार्यको लागि नेपाली राष्ट्रिय सेनाको एक | राष्ट्रिय सुरक्षा सम्बन्धी भागमा रहने । | सेनाले परम्परागत रुपमा निर्वाह गर्दै आएको सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकताको रक्षा गर्ने भुमिकाका अतिरिक्त परिवर्तित सन्दर्भमा विश्वमा सुरक्षा |

| सि. नं. | विषय वस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानमा रहने स्थानको अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| | | संगठन रहनेछ ।<br>(२) दीगो शान्ति, राजनीतिक स्थिरता र आर्थिक समुन्नतिको लागि नेपाली सेना र शिविरमा रहेका लडाकु (जनमुक्ति सेना) को १२ बुँदे समझदारी र बृहत शान्ति सम्झौताको आधारमा पुनर्स्थापन, व्यवस्थापन र समायोजन गरी समानुपातिक, समावेशी तथा लोकतान्त्रिक सिद्धान्त अनुरुपको राष्ट्रिय स्वरुपको नेपाली राष्ट्रिय सेनाको गठन हुनेछ ।<br>(३) राष्ट्रप्रमुख नेपाली राष्ट्रिय सेनाको परमाधिपति हुनेछ ।<br>(४) नेपाली राष्ट्रिय सेनाको प्रधानसेनापतिको नियुक्ति सरकार प्रमुख / मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रप्रमुखले गर्नेछ ।<br>(५) प्रधानसेनापतिको पदमुक्ती कानूनमा व्यवस्था भए बमोजिम मन्त्रिपरिषद्ले गर्न सक्नेछ ।<br>(६) नेपाली राष्ट्रिय सेनाको परिचालन, नियन्त्रण, सञ्चालन र व्यवस्थापन कानूनमा व्यवस्था भए बमोजिम सरकार प्रमुख/मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रप्रमुखले गर्नेछ ।<br>(७) प्राकृतिक विपत्ति परेको कारणले नेपाली राष्ट्रिय सेना परिचालन भएकोमा बाहेक | | अवधारणामा आएको परिवर्तनसंगै सेनालाई राष्ट्रिय विकास र निर्माण जस्ता काममा पनि लगाउन उपयुक्त देखिएकोले यो व्यवस्था गरिएको छ ।<br>प्रस्तुत संविधान शान्ति प्रक्रिया कै एउटा महत्वपूर्ण पाटोको रुपमा रहेकाले शिविरमा रहेका लडाकु (जनमुक्ति सेना) लाई हालको नेपाली सेनासंग बाह्र बुँदे समझदारी र वृहद शान्ति सम्झौताका आधारमा पुनर्स्थापन, व्यवस्थापन र समायोजन गर्नुका अतिरिक्त राष्ट्रमा रहेका मधेशी, आदिवासी, जनजाती, दलित, महिला, मुस्लिम, पिछडिएका क्षेत्रका जनताको समेत समानुपातिक समावेशीकरणद्वारा सेनालाई राष्ट्रिय स्वरुप प्रदान गरी यो संगठनलाई लोकतान्त्रिक सिद्धान्त अनुरुप नागरिक सर्वोच्चताका आधारमा सञ्चालन हुने संगठनको रुपमा विकास गर्नु आवश्यक देखिएको ।<br>त्यस्तै राष्ट्रिय सेना सरकार मातहतमा रही काम गर्ने सरकारको एक अंग हो । नागरिक सरकारको निर्देशन अनुरुप संगठनात्मक व्यवसायिकताका आधारमा चल्नु सेनाको मुख्य विशेषता हो । सेनालाई उचित व्यवस्थापन र नेतृत्व प्रदान गर्ने जिम्मेवारी प्रधान सेनापतिको हुने भएकाले सेनालाई नागरिक सरकारको नीति र निर्देशन अनुरुप नेतृत्व दिन प्रधान सेनापति असक्षम हुन गएमा सरकारले सेनालाई जनताका इच्छा बमोजिम सञ्चालन र परिचालन गर्न नसक्ने मात्र होइन लोकतन्त्रको लागि चुनौती पनि हुने भएकाले नागरिक सरकारले कानूनी प्रक्रिया पूरा गरी उचित सुनुवाईको मौका दिई आवश्यक परेमा प्रधान सेनापतिलाई पदमुक्त गर्न सक्ने व्यवस्था गरिएको छ । |

| सि. नं. | विषय वस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानमा रहने स्थानको अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| | | राष्ट्रिय सुरक्षा परिषद्को सिफारिस बमोजिम सेना परिचालन सम्बन्धी मन्त्रिपरिषद्को निर्णय भएको एक महिना भित्र केन्द्रीय व्यवस्थापिकाको विशेष सुरक्षा समितिमा प्रस्तुत भई अनुमोदन हुनु पर्नेछ ।<br><br>(८) नेपाली राष्ट्रिय सेना सम्बन्धी अन्य कुराहरू कानूनमा उल्लेख भए बमोजिम हुनेछ । | | राष्ट्रिय सेनाको परिचालन, नियन्त्रण, सञ्चालन र व्यवस्थापनको मूल जिम्मेवारी कार्यकारिणी मन्त्रीपरिषद्को हो । राष्ट्रिय सेनाको परमाधिपति राष्ट्रप्रमुख हुने भएकाले यो जिम्मेवारी राष्ट्रप्रमुखबाट मन्त्रीपरिषद्को सिफारिसमा हुन उपयुक्त देखिएको, राष्ट्रमा असामान्य परिस्थितिमा कार्यकारिणी प्रमुखबाट सेना परिचालन सम्बन्धी गरिने निर्णय स्वेच्छाचारी रुपमा नहोस् भन्ने उद्देश्यले त्यस्तो निर्णय व्यवस्थापिकाबाट सुपरीवेक्षण भै नियन्त्रण र सन्तुलन कायम राख्ने तथा कार्यकारिणीलाई जनताप्रति उत्तरदायी बनाउने व्यवस्था गरिएको छ । |
| २५. | **अर्धसैनिक वल सम्बन्धी व्यवस्था :** | (१) अर्ध सैनिक वलको गठन, सञ्चालन र नियन्त्रण तथा त्यसको काम कारवाही र अन्य व्यवस्था कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।<br><br>(२) अर्ध सैनिक वलको नियुक्ति र पदोन्नतिको लागि कानूनमा व्यवस्था भए बमोजिम अर्ध सैनिक बल सेवा आयोग गठन गरिनेछ । | राष्ट्रिय सुरक्षा सम्बन्धी भागमा रहने । | संसारका धैरै राष्ट्रमा सेना र प्रहरी बाहेक तेश्रो किसिमको सुरक्षा बल गठन गर्ने गरिएको हुन्छ । जसलाई राज्यको अन्य सैन्य संगठन पनि भनिन्छ । यस्ता संगठनहरू सशस्त्र प्रहरी वल, भन्सार सुरक्षा बल, सीमा सुरक्षा वल, औद्योगिक सुरक्षा वल जस्ता नामबाट विभिन्न क्षेत्रको सुरक्षा गर्न विशिष्टिकृत गरी राज्यले महत्वपूर्ण संरचना, स्थल र व्यक्तिको सुरक्षा गर्ने गर्दछन् । यस्ता संगठनहरूले युद्ध र संकटको समयमा सेनालाई सहयोग गर्न सक्ने र प्रहरीबाट राज्यमा शान्ति र व्यवस्था कायम हुन नसकेको अवस्थामा त्यसलाई सघाउने भएकाले त्यस्ता अर्ध सैनिक वलको गठन गर्न आवश्यक देखिएकोले त्यस्तो संगठनमा नियुक्ति र पदोन्नति जस्ता विषय स्वच्छ पारदर्शी बनाई योग्य नागरिकहरूको प्रवेशलाई सुनिश्चित गर्ने उद्देश्यबाट आयोग गठन गरिने समेत व्यवस्था गरिएको छ । |

| सि. नं. | विषय वस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानमा रहने स्थानको अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| २६. | **गुप्तचर संगठन सम्बन्धी व्यवस्था :** | गुप्तचर संगठनको गठन, सञ्चालन र नियन्त्रण तथा त्यसको काम कारवाही र अन्य व्यवस्था कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | राष्ट्रिय सुरक्षा सम्बन्धी भागमा रहने । | राष्ट्रिय सुरक्षामा रहेका आन्तरिक र बाह्य चुनौतीहरूको बारेमा सूचना सङ्कलन र विश्लेषण गरी सरकारका सम्बन्धित निकायलाई उपलब्ध गराई सुरक्षा नीति तर्जुमा गर्न, रणनीति बनाउन तथा सतर्कता अपनाउन सघाउ पुऱ्याउने उद्देश्यले यस्तो संगठनको गठन आवश्यक रहेको र जननिर्वाचित प्रतिनिधिहरूको संस्था व्यवस्थापिकाबाट नै यस्तो संठनको गठन सञ्चालन र नियन्त्रण तथा त्यसको काम कारवाही सम्बन्धी व्यवस्था कानूनद्वारा निर्धारण गरी संगठनमा नागरिक नियन्त्रण कायम गर्न यो व्यवस्था गरिएको छ । |
| २७. | **प्रहरी सम्बन्धी व्यवस्था :** | (१) प्रान्तमा आन्तरिक व्यवस्था र शान्ति कायम गर्न प्रहरी सेवाको गठन गरिनेछ ।<br>(२) प्रहरी सेवाको सञ्चालन, नियन्त्रण, काम कारवाही र अन्य व्यवस्था कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।<br>(३) प्रहरी सेवाको नियुक्ति र पदोन्नतिको लागि प्रान्तमा प्रहरी सेवा आयोगको गठन गरिनेछ । | राष्ट्रिय सुरक्षा सम्बन्धी भागमा रहने । | प्रहरीको काम भनेको राष्ट्रमा आन्तरिक शान्ति सुव्यवस्था कायम गरी जनताका हक अधिकार तथा जीउधनको सुरक्षा प्रदान गर्नु हो । तसर्थ हरेक राष्ट्रमा प्रहरी सेवाको गठन गरिएको हुन्छ । प्रहरी संगठनहरू संघीय तथा एकात्मक दुवै खाले शासन प्रणालीमा स्थानीय स्तरसम्म स्वायत्त रुपमा गठन गरिने प्रचलन विश्वका धेरै राष्ट्रमा रहेको पाईन्छ । संघीय इकाईहरूलाई आ-आफ्नो प्रादेशिक क्षेत्राधिकार भित्र स्वायत्त रुपमा प्रहरी सेवाको गठन गरी शान्ति र व्यवस्था कायम गरी जनताका जीउधनको सुरक्षा प्रदान गर्ने पूर्ण जिम्मेवारी प्रदान गर्न यो व्यवस्था राखिएको छ । |
| २८. | **सरकारप्रति उत्तरदायी रहने :** | नेपाली राष्ट्रिय सेना, अर्ध सैनिक बल, गुप्तचर संगठन र प्रहरी संगठनहरू सरकारप्रति उत्तरदायी हुनेछन् । | राष्ट्रिय सुरक्षा सम्बन्धी भागमा रहने । | सुरक्षा निकायहरू जननिर्वाचित सरकार प्रति उत्तरदायी हुनुको अर्थ नागरिक सरकार मातहत सुरक्षा निकायहरू हुन्छन् भन्ने हो । नागरिकद्वारा निर्वाचित सरकार जनताप्रति उत्तरदायी हुने भएकाले सुरक्षा निकायहरूलाई जनताप्रति उत्तरदायी बनाउन यो व्यवस्था राखिएको छ । |

**पुनश्च :** *राज्यको शासकीय स्वरुप निर्धारण भइनसकेको कारण ठाउँठाउँमा प्रस्तुत मस्यौदाको विभिन्न हरफहरूमा राष्ट्रप्रमुख/मन्त्रीपरिषद्को सिफारिसमा राष्ट्रप्रमुख जस्ता शब्दहरू प्रयोग भएको भएतापनि ती शब्दले कार्यकारिणी प्रमुखलाई जनाउन खोजिएको हो ।*